विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुजहना, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३


# रोहिणी गाउँपालिका

## रुपन्देही, लुम्बिनी प्रदेश

## रोहिणी राजपत्र

मिति:२०८०।१२।१८

खण्ड: संख्या:

भाग-२

रोहिणी गाउँपालिका


कार्यपालिकाबाट प्रमाणीकरण मिति: २०८०।१२।१८

# 'घ' वर्गको निर्माण ब्यवसायी इजाजत पत्रसम्बन्धी कार्यबिधि २०७५ मा दोश्रो संशोधन ।

रोहिणी गाउँपालिकको घ' वर्गको निर्माण ब्यवसायी इजाजत पत्रसम्बन्धी कार्यबिधि २०७५ मा केही संशोधन गर्न बाञ्छनीय भएकोले कार्यपालिकाको मिति २०८०।१२।१८ को निर्णयले तल लेखिए बमोजिम कार्यविधिमा संशोधन गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

घ' वर्गको निर्माण ब्यवसायी इजाजत पत्रसम्बन्धी कार्यबिधि २०७५ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

१. घ' वर्गको निर्माण ब्यवसायी इजाजत पत्रसम्बन्धी कार्यबिधि २०७५को दफा ६ पछि देहायका दफा थप गरिएको छ ।

६क. इजाजत पत्रको नामसारी व्यवस्था

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नामसारी गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रोपाईटरको निवेदन पेश गरेमा अनुसूची–२ बमोजिमको दस्तुर लिई इजाजत पत्रमा नाम परिर्वतन गर्न सकिनेछ ।

६ख) इजाजत पत्रको नाम परिवर्तनको व्यवस्था:

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको नाम परिवर्तन गर्न चाहेमा वडा कार्यालयको सिफारिस र प्रोपाइटरको निबेदन पेश गरेमा अनुसुची २ बमोजिम दस्तुर लिइ इजाजत पत्रमा नाम परिवर्त गर्न सकिनेछ ।

६ग) इजाजत पत्र ठाउँसारीको व्यवस्थाः

कुनै निर्माण व्यवसायीले इजाजत पत्रको ठाउँसारी गर्न चाहेमा इजाजतपत्र दर्ता भएको स्थानीय तहको सिफारिस करचुक्ता ठाउँ सारेको वडा कार्यालयको सिफारिस र अनुसूची ४ भरी प्रोपाईटले निवेदन पेश गरेमा अनुसूची—२ बमोजिमको दस्तुर लिई इजाजतपत्र ठाउँसारी गर्न सकिनेछ ।

२. साबिकको अनुसुची २ को सट्टा देहायको अनुसुची कायम गरिएको छ ।

अनसुची -२

| क.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत पत्र दर्ता दस्तुर | इजाजत पत्र नबीकरण दस्तुर | इजाजतपत्र नविकरण थप दस्तु | इजाजत पत्र प्रतिलिपी दस्तुर | नाम परिवर्तन दस्तुर | इजाजत पत्र नामसारी दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | घ | २०००० | ६००० | २००० | ५०० | १००० | १००० | |

आज्ञाले
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत